जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक २०० | २०७९ साल फागुन २७ गते शनिबार (11 Mar. 2023 Saturday) | मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नयाँ राष्ट्रपतिप्रतिका... ३ पृष्ठमा : 'अर्थतन्त्र पुनर्संरचना गर्न.. ३ पृष्ठमा : महासचिव सी तेस्रो कार्यकालका...

# विद्युत चुहावट नियन्त्रणका लागि चलाइएको अभियानका क्रममा धमाधम पक्राउ पर्दै




**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**
नेपाल विद्युत प्राधिकरण बितरण केन्द्र राजविराजले विद्युत चुहावट नियन्त्रणका लागि अभियान नै चलाएको छ। प्राधिकरणको वितरण केन्द्र राजविराज शाखाले शुक्रबार प्रहरीको सहयोगमा विद्युत चोरीमा संलग्न थप ७ जनालाई नियन्त्रणमा लिएको छ।

विद्युत पोलमा हुकिङ्ग गरी चोरी गरिरहेको अवस्थामा पुगेको प्राधिकरणका कर्मचारी, सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले डाक्नेश्वरी नगरपालिका ३ तरहीका लक्ष्मी कुमार राय, श्याम कुमार मुखिया, श्रीप्रसाद साह र संतोष कुमार मुखियालाई पक्राउ गरेको छ।

यस्तै विद्युत चोरी गरेकै आरोपमा विष्णुपुर गाउँपालिका १ खुरहुरियाका गणेश कुमार यादव र शम्भुनाथ नगरपालिका १२ का यदुनन्दन यादव पनि पक्राउ परेका छन्।

नियन्त्रणमा लिइएका सबैजनालाई जिल्ला प्रहरी कार्यालय सप्तरीको हिरासतमा राखी कारवाही प्रकृया सूरु गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका सबैजनलाई जरिवाना वापतको १५ हजार ५ सय भराई अब उप्रान्त यस्तो कार्य न गर्ने शर्तमा रिहा गरिने प्रहरीले जनाएको छ।

विद्युत चुहावट नियन्त्रण गर्न प्रहरीको सहयोगमा अभियान नै चलाएपछी एक महिनाको अवधीमा ९७ जना कारवाहीमा परिसकेको प्राधिकरणले जनाएको छ।

विभिन्न स्थानमा विद्युत् चोरी हुने गरेकाले ट्रान्सफर्मर जल्ने र विद्युतीय दुर्घटना हुने गरेको विद्युत् प्राधिकरणले जनाएको छ।

# गाडीको ठक्करबाट एक घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**
सप्तरीको विष्णुपुर गाउँपालिका १ खुरहुरिया चोकस्थित हुलाकी राजमार्गमा बिहीबार डिजे बोकेको गाडीको ठक्करबाट एक मोटरसाइकल चालक घाइते भएका छन्।

पश्चिमबाट पुर्वतर्फ जाँदै गरेको को.२च.१८४५ नम्बरको डिजे गाडीमा बी.आर.५०जि.ए. ४०९२ नम्बरको डिजे बोकेको गाडिले अगाडीबाट ठक्कर दिँदा को.२च. १८४५ नम्बरको गाडीलाई ठक्कर दिएको हो।

सो गाडीमा सवार जिल्लाको शम्भुनाथ नगरपालिका ४ सखुवा निवासी २४ वर्षिय धर्मदेव पासवान घाइते भएका छन्। उनी गाडीबाट लड्दा निधार, दाहिने हात र खुट्टमा चोट लागेको गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचार भईरहेको प्रहरीले जनाएको छ।

प्रहरीले दुबै सवारी र चालकलाई नियन्त्रणमा लिई आबश्यक अनुसन्धान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# परालको टालमा आगलागि

**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**
सप्तरीको विभिन्न स्थानमा शुक्रबार आगलागि हुँदा परालका टालहरु जलेर नष्ट भएका छन्।

जिल्लाको बिष्णुपुर गाउँपालिका ४ कनकट्टा बस्ने हर्कलाल खंगले स्कुलको खाली जग्गामा लगाएको परालको टालमा आगलगी भएको हो। सो आगलागिबाट ३० हजार मुल्य बराबरको परालको टाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

यस्तै शुक्रबारै जिल्लाको महदेबा गाउँपालिका ६ ढिकली टोल निवासी मिथलेस यादबको घर नजिकै रहेको खेतमा राखिएको दुई वटा परालको टालमा आगो लागेको छ। सो आगलागिबाट ३५ हजार मुल्य बराबरको क्षति भएको छ।

यसैगरि जिल्लाको बलानबिहुल गाउँपालिका ३ दास टोलस्थित रामकुमार दासको २ र श्रीदेब दासको एक बटा परालको टालमा आगलागि हुँदा २४ हजार मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# 'दलित समुदायलाई विभेद गर्ने कार्यको आयोग निन्दा गर्दछ'

काठमाडौँ, २६ फागुन (रासस)।
राष्ट्रिय दलित आयोगले सिरहा जिल्लामा भएको छुवाछूतसम्बन्धी घटनामा संलग्न गाउँपालिका अध्यक्ष उग्रनारायण यादवलाई कारबाही गर्न सरकारको ध्यानाकर्षण गराएको छ।

आयोगले बिहीबार विज्ञप्ति जारी गरी सिरहा जिल्लाको भगवानपुर गाउँपालिकाका अध्यक्ष यादवले जातीय भेदभाव तथा छुवाछूत गरेको भन्दै निज अध्यक्ष यादवलाई नियन्त्रणमा लिई कानूनबमोजिम कारबाही गर्न र अपमानित दलित समुदायको मानव अधिकारको संरक्षण गर्न सरकारको ध्यानाकर्षण गराएको हो।

गाउँपालिकाका अध्यक्ष यादवले आफ्नो आमाको निधनपछि १३औँ दिनको पुण्य तिथिको दिन यही फागुन २२ गते आयोजना गरिएको 'क्रिया भोजमा' दलित र गैरदलितका लागि अलग अलग साइन बोर्ड टाँसेर अलग लाइन बनाएर दलित समुदायमाथि जातीय छुवाछूत तथा भेदभावको अमानवीय व्यवहार गरेको आयोगको भनाइ छ। "युगौँदेखि शोषण उत्पीडनमा पारिएका दलित समुदायलाई घोषितरूपमा छुट्याउने गरी ब्यानरसमेत राखेर छुट्टै भोज खुवाउने कार्यको आयोग निन्दा गर्दछ", निज्ञप्तिमा भनिएको छ।

त्यसैगरी नेकपा (एकीकृत समाजवादी) निकट नेपाल दलितमुक्ति सङ्गठन र नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठानलगायतका दलित सङ्घ/सङ्गठनले पनि बिहीबार विज्ञप्ति जारी गरी सो घटनाको भर्त्सना गरेका छन्। ती सङ्घ/संस्थाले घटनाको स्थलगत अध्ययन गरी आवश्यक पहल गर्न राष्ट्रिय मानव अधिकार आयोग, मानवअधिकार समुदाय तथा न्याय प्रेमी नागरिक समाजलाई अपिलसमेत गरेका छन्।

# उपराष्ट्रपतिमा फरक लिङ्ग वा समुदायको उम्मेदवार हुनुपर्ने

काठमाडौँ, २६ फागुन (रासस)।
निर्वाचन आयोगले उपराष्ट्रपति पदको निर्वाचनका लागि राष्ट्रपतिको भन्दा फरक लिङ्ग वा समूदायको उम्मेदवारको मनोनयनपत्र दर्ता गर्न निर्देशन दिएको छ। आगामी चैत ३ मा हुने उपराष्ट्रपतिको निर्वाचनका लागि यही फागुन २७ गते उम्मेदवारको मनोनयनपत्र दर्ता हुँदैछ।

निर्वाचन अधिकृतलाई दिइएको निर्देशनमा राष्ट्रपति पदमा खस आर्य समावेशी समूहका पुरुष रामचन्द्र पौडेल निर्वाचित हुनुभएको उल्लेख गर्दै उपराष्ट्रपतिमा फरक लिङ्ग वा समूदायभन्दा फरक व्यक्ति हुनुपर्ने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले जारी विज्ञप्तिमा उल्लेख छ।

राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनसम्बन्धी ऐन, २०७४ अनुसार अब उपराष्ट्रपतिमा फरक लिङ्ग (महिला वा अन्य) वा फरक समूदाय (दलित, आदिवासी जनजाति, मधेसी, थारु वा मुस्लिम)बाट मात्र उम्मेदवार हुनुपर्नेछ।


## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईंकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# नयाँ राष्ट्रपतिप्रतिका जनअपेक्षा

काठमाडौँ, २६ फागुन (रासस)।

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेशसँगै सर्वोच्च पदको रूपमा रहेको राष्ट्रपतिमा परिपक्व राजनेता रामचन्द्र पौडेल निर्वाचित हुनुभएको छ। १५ जेठ २०६५ मा गणतन्त्र स्थापना भएयता उहाँ तेस्रो राष्ट्रपति बन्नुभएको छ। राष्ट्रिय एकताको प्रवर्द्धन, संविधानको पालना र संरक्षण संविधानमा राष्ट्रपतिलाई राष्ट्राध्यक्ष, संविधानको संरक्षक र अभिभावकको रूपमा स्थापित गरिएको छ। गणतन्त्रलाई संस्थागत गर्ने, संरक्षण गर्ने र यसमा अपुग भएका विषयहरूलाई अगाडि बढाउन सक्ने साझा व्यक्तित्वको रूपमा उहाँलाई आम नागरिकले हेरेका छन्।

मुलुकले राजनीतिकरूपमा अझै दह्रोसँग खुट्टा टेक्न नसकिरहेको बेला विश्वव्यापी आर्थिक सङ्कटको प्रभावको असर पर्न थालिसकेकाले सबै राजनीतिक शक्तिहरूलाई एकताबद्ध गरी अगाडि लैजाने मियोका रूपमा राष्ट्रपति उभिनु पर्नेछ। बलिदान र त्यागबाट निर्माण भएको संविधानलाई असफल तुल्याउन विभिन्न कोणबाट अनेक षड्यन्त्रका तानाबुना बुन्ने काम भइरहेका बेला त्यसलाई निस्तेज बनाउन पनि उहाँजस्ता व्यक्तित्वको खाँचो रहेको थियो। संविधानमा सामान्यतया राष्ट्रपतिले गल्ती नै गर्दैन भन्ने परिकल्पना गरिएकाले उहाँको भूमिकालाई लिएर सार्वजनिक टीका-टिप्पणी वा आलोचना हुनु हुँदैन। बर्तमान संविधान दक्षिण एसियामै उत्कृष्ट छ, यसले सबै वर्गलाई अधिकार दिएको छ र यो अधिकार गुम्न नदिन उच्च राजनीतिक सुझबुझको खाँचो छ।

राजतन्त्रको अन्त्य र प्रथम राष्ट्रपति चयन हुँदाको समयमा मुलुकले राजनीतिक स्पष्ट दिशा समाउन सकिरहेको थिएन। धेरै कुरा प्रक्रिया र पद्धतिमा समेत अन्योल थियो। प्रथम राष्ट्रपति डा रामबरण यादव धेरै कुराको जग बसाल्नुपर्ने दायित्वमा हुनुहुन्थ्यो। पहिलोपटक जनताको छोरो राष्ट्रपति भइरहँदा जनताका अपेक्षा, नयाँ प्रणालीको अभ्यास र भावी गन्तव्य पहिल्याउन त्यति सजिलो थिएन। यद्यपि उहाँको शालीन व्यवहार, राजनीतिक निष्ठा र उच्च मनोभावले ती सबै चुनौती र कठिनाइहरूलाई सजिलैसँग पार लगाउन सक्नुभयो।

दोस्रो संविधानसभाले ३ असोज २०७२ मा नयाँ संविधान जारी गरेको एक महिनापछि संसद्ले दोस्रो राष्ट्रपतिका रूपमा विद्यादेवी भण्डारीलाई निर्वाचित गऱ्यो। संविधानको सङ्क्रमणकालीन व्यवस्थाअनुसार राष्ट्रपति बन्नभएकी उहाँका सामु पनि अनेक चुनौती थिए। संविधान जारी भए पनि जनताबाट प्रत्यक्ष अनुमोदित भइसकेको अवस्थामा त्यसको कार्यान्वयन गर्नु त्यति सजिलो थिएन। मुलुकको पहिलो महिला राष्ट्रपति बनिरहँदा उहाँको दुईवटै कार्यकालमा महिलाको आर्थिक, सामाजिक सशक्तीकरण र विकासमा प्रभावकारी सहभागिता सुनिश्चित गर्नमा उहाँ नयाँ आयाम थप्न सफल बन्नुभयो। यद्यपि सरकारले गरेका कतिपय सिफारिसहरूमा उहाँको भूमिकालाई लिएर अनेक टिप्पणी भए पनि समग्रमा शीतलनिवासको शान बढाउने नै काम भएको छ। मुलुकले लामो समयसम्म सङ्क्रमणकालबाटै गुज्रेको अवस्थामा राष्ट्रपति एक्लैले समाधान निकाल्न सक्ने कुरा पनि थिएन। गणतन्त्र संस्थागत गर्ने प्रक्रियाको नेतृत्वमा यसअघिका दुवै राष्ट्रपतिको कार्यकाललाई सफल नै मान्नुपर्दछ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्दै देशमा सुशासन कायम गर्नु अहिलेको मुख्य चुनौती रहेको छ। देशमा परिवर्तन भए पनि अवस्था परिवर्तनको अनुभूति आम जनताले गर्न पाएका छैनन्। जनतामा व्याप्त निराशा हटाउन सुशासनको खाँचो रहेको छ। देशलाई सुशासन दिएर बिकास गरेर युवालाई विदेशिन नपर्ने, रोजगारी सिर्जना गर्नेतर्फ सरकारलाई ध्यानाकर्षण गराउन पनि राष्ट्रपतिले पहल गर्नुपर्ने हुन्छ। देश अहिले गम्भीर अवस्थामा रहेको कारण सबै राजनीतिक दलहरू एक ठाउँमा उभिएर त्यसलाई समाधान गर्नुपर्ने समय भएको छ। अझै पनि देशमा राजनीतिक सङ्कट टरिसकेको छैन, त्यसको निम्ति हरेक मुद्दाहरूमा राष्ट्रिय एकता गरेर जानु पर्नेछ। समयअनुरुप चुनौती बदलिँदै र जटिल बन्दै गएका छन्। अहिलेको प्रणाली र संविधानमाथि विभिन्न कोणबाट देखिएका चुनौती र विचलनको अवस्थाप्रति सजग रही कुनै पनि तलमाथि हुन नदिई प्रभावकारी ढङ्गबाट काम गर्नुपर्ने दायित्वबाट उहाँ विमुख हुनुहुँदैन।

अहिलेको संविधान र व्यवस्था ७० वर्षसम्म लडेर ल्याइएको हो। त्यसैले संविधानको अक्षर र भावनालाई अक्षरशः पालना गर्ने, सार्वभौमसत्तालाई बलियो गर्ने राष्ट्रिय एकता र अखण्डता बलियो बनाउनु नै अहिलेको आवश्यकता हो। राजनीतिक दलहरूलाई काखा र पाखा गर्ने प्रवृत्तिले गणतन्त्रलाई बल नपुग्ने मात्र होइन, मुलुक नै द्वन्द्व र अस्थिरतातर्फ धकेलिन्छ। उहाँको जीवन दर्शन र जीवनभरको क्रियाशीलता तथा सङ्घर्ष भनेको लोकतन्त्र, देश उन्नति र जनताको अधिकार प्राप्तिका लागि नै हुँदै आएको छ। विसं २०१८ देखि निरन्तर राजनीतिक यात्रामा होमिँदै आउनुभएका उहाँ जनताको अधिकार सुनिश्चित गर्न र मुलुकलाई समृद्ध बनाउनकै लागि सञ्चालन गरिएका विभिन्न आन्दोलनहरूको अग्रमोर्चामा रहेर विचार र नेतृत्व दिँदै आउनुभएका उहाँले यसबीचमा पटक-पटक गरी उहाँले १५ वर्ष बन्दी जीवन बिताइसक्नुभएको छ। पौडेलले गणतन्त्र स्थापनामा खेलेको भूमिकाबाट नै यसको सुदृढीकरणका लागि संरक्षकको भूमिका खेल्न पनि उहाँ सक्षम हुनुहुन्छ भन्ने आम जनताले विश्वास लिएका छन्। संविधानको मर्म र भावनालाई पौडेलले अविचलितरूपमा जीवन्त राख्नेमा द्विविधा छैन।

संविधान र लोकतन्त्रसहित परिवर्तनका उपलब्धिको रक्षा गर्ने सन्दर्भमा राष्ट्रपतिको महत्वपूर्ण भूमिका हुन्छ। उहाँले राष्ट्रपतिको उम्मेदवारी दिँदै गर्दा आफूबाट राष्ट्रिय एकताको प्रवर्द्धन र संविधानको संरक्षकत्व प्रदान हुने विश्वास दिलाउनुभएको थियो। आगामी राष्ट्रपतिले विगतका त्रुटिबाट सिक्दै जिम्मेवारी राम्ररी वहन गर्न आफू सफल हुने दाबी पनि गर्नुभएको थियो। उहाँले विगतमा के-के त्रुटिहरू हुन गए, के-के राम्रा कुरा भए ध्यानमा राखेर जिम्मेवारी राम्ररी वहन गर्ने प्रतिबद्धता जनाउनुभएको छ। उहाँको भनाइ छ, "म एक सूत्रमा भन्छु, यो देशका सबै राजनीतिक दलहरू एक ठाउँमा उभिनुपर्छ। अहिले देश र जनताका अगाडि साह्रै ठूलो चुनौती छ। सिङ्गो देश र जनता, अनि सबै राजनीतिक दलहरू एक ठाउँ उभिनुपर्छ।"

अहिले संविधान र गणतन्त्रलाई संस्थागत गर्ने अविभारा र चुनौती छ। गणतन्त्रको राष्ट्रपति र हिजोको राजतन्त्रको राष्ट्राध्यक्षको चरित्रमा मौलिक भिन्नता हुन्छ भन्ने पुष्टि गर्नुछ। हिजो र आजको राष्ट्राध्यक्षाका व्यवहार र आचरणमा के-के भिन्नता हुनुपर्छ भन्नेमा उहाँ प्रष्ट हुनुहुन्छ। राष्ट्रपति वा प्रधानमन्त्री भनेको मुलुकको भिन्नै विशिष्ट नभई सबै जनताका बीचमा पदीय जिम्मेबारीका कारण अग्रज मात्र हो। समाजका सबै मानिस समान र स्वतन्त्र भन्ने लोकतान्त्रिक मान्यता र चरित्रलाई उहाँले आत्मसाथ गर्नुपर्छ। छिमेकी तथा मित्र राष्ट्रहरूसँग कसरी जोगिएर र सन्तुलित ढङ्गबाट सम्बन्ध र व्यवहार गर्नुपर्दछ भन्ने कुरालाई हृदयगम गर्दै असंग्लनताको परराष्ट्र नीति र तटस्थताको महत्वका बारेमा उहाँ जानकार हुनुहुन्छ। त्यही कूटनीतिक अवलम्बन गर्नुपर्छ। राष्ट्राध्यक्षको हैसियतमा उहाँले त्यसैका लागि आवश्यक वातावरण बनाउने र राय-सुझाव दिने काम गर्नु हुने नै छ।

राष्ट्रपति संविधानको पालक र संरक्षक तथा संवैधानिक सर्वोच्च र राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्ने पद हो। यो पदको विशेष महत्व छ। तर यसका आफ्नै मर्यादा छन्। 'किङ क्यान डु नो रङ' भन्ने संसदीय प्रणालीको मान्यताअनुसारको पद हो। यसको अर्थ राष्ट्रिपतिबाट गल्ती हुँदैन भन्ने मान्यता राखिन्छ। हाम्रो राजनीतिक प्रणालीमा कार्यकारी अधिकार प्रधानमन्त्रीमा हुन्छ, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले काम गर्ने हो। राष्ट्रपति आफैँ अग्रसर भएर काम गर्ने कुरा कम छ। तर राष्ट्रपतिको भूमिका राष्ट्राध्यक्ष, संविधानको संरक्षकको नाताले सजग भएर राष्ट्रहितबारे सोचिरहेको हुनुपर्छ भन्ने वास्तविकतालाई उहाँले पक्कै पनि राम्ररी बुझ्नुभएको छ।

अहिलेसम्मका राष्ट्रपतिहरूले तत्कालीन अवस्था हेरेर निर्णयहरू लिएको पाइन्छ। अबका राष्ट्रपतिलाई सङ्क्रमणकालको सुविधा प्राप्त नहुने भएकाले पृथक ढङ्गबाट मुलुकको राष्ट्रिय एकतालाई केन्द्रविन्दुमा राखेर परिबर्तित राजनीतिक प्रणालीलाई बलियो बनाउनु नै मुख्य दायित्व हुन्छ। संविधान वा सङ्घीय कानुनमा स्पष्ट व्यवस्था भएको अवस्थामा बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने जुनसुकै कार्य मन्त्रिपरिषद्को सिफारिस र सम्मतिबाट हुनुपर्ने भएकाले सरकार र राष्ट्रपतिबीचको दूरी टाढा हुनु र अविश्वास बन्नुले मुलुकलाई हित गर्दैन भन्ने कुरामा उहाँ सचेत हुनुहुन्छ। संविधानअनुसारका सबै संरचना बनिसकेको र दुईपटक प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको निर्वाचन सम्पन्न भई राजनीतिक प्रणालीले बिस्तारै जरा गाड्न थालेको हुँदा यसलाई अझै मजबुद बनाउनु नै राष्ट्रपतिको ध्येय हुनेछ।

सात दशकदेखि नेपालको लोकतान्त्रिक आन्दोलनमा निरन्तर सङ्घर्षरत बरिष्ठ नेता पौडेल नेपाली राजनीतिको अभिभावकीय व्यक्तित्व भएकाले उहाँलाई आठ दलका तर्फबाट राष्ट्रपतिको उम्मेदवार बनाइएको थियो। नेपाली कांग्रेसका तर्फबाट राष्ट्रपति पदका उम्मेदवार बन्नुभएका पौडेललाई नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी, नेकपा (एकीकृत समाजवादी), जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय जनमोर्चाले समर्थन गरेका छन्। पौडेललाई नेपाल समाजवादी पार्टी र प्रतिनिधिसभा सदस्य प्रभु साह अध्यक्ष रहेको आम जनता पार्टीले समेत समर्थन गरेको थियो। राष्ट्रिय प्रजातन्त्र पार्टीले तटस्थ बस्ने निर्णय गरेको थियो भने अन्तिम समयमा राष्ट्रिय स्वतन्त्र पार्टीले पौडेलको पक्षमा मतदान गर्ने निर्णय गरेको थियो। संसद्मा प्रतिनिधत्व गर्ने अधिकांश दलहरूको मत पौडेलमा जानुले पनि मुलुकलाई राष्ट्रिय सहमतिको दिशातर्फ लैजान मार्गप्रशस्त गरेको छ। यसले मुलुकमा राष्ट्रिय एकताको सन्देश प्रवाह भएको छ।

## प्राधिकरणले फुकुवा गऱ्यो श्री एयर लाइन्सको उडान

काठमाडौँ, २६ फागुन (रासस)।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले श्री एयरलाइन्सको उडान फुकुवा गरेको छ।

प्राधिकरणका प्राविधिकबाट उक्त एयरलाइन्सको उडानमा रहेका जहाजको शुक्रबार प्राविधिक सुरक्षा जाँचपछि उडान फुकुवा गर्ने निर्णय गरेको हो। प्राधिकरणले शुक्रबार बिहान श्री एयरलाइन्सलाई जहाजको इन्जिन सुरक्षा जाँच नसकिएसम्म उडान नगर्न निर्देशन दिएको थियो।

प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाका अनुसार प्राधिकरणले दिएका सुझावको कार्यान्वयन गर्ने गरी एयरलाइन्सको उडान फुकुवा गरिएको छ। "श्री एयरलाइन्सको उडान फुकुवा भयो, तर एयरलाइन्सले सेफ्टी म्यानेजमेन्ट सिस्टम लागू गर्नुपर्छ र शुक्रबार प्राविधिक जाँचपछि देखिएका बिषय र प्राधिकरणका सुझाव पालना गर्नुपर्ने सर्तमा उडान फुकुवा गरिएको हो", उहाँले भन्नुभयो।

श्री एयरलाइन्सका व्यवस्थापक अनिल मानन्धरले प्राधिकरणबाट पुनःउडान अनुमति पाएसँगै शनिबारदेखि नियमित उडान सञ्चालन गरिने बताउनुभयो। उहाँले भन्नुभयो, "प्राधिकरणले शुक्रबारै पुनःउडान सञ्चालनको अनुमति दिएको छ। अबेर साँझ निर्णय आएकाले भोलि शनिबारदेखि मात्रै उडान गर्ने निर्णय भएको छ", उहाँले भन्नुभयो।

व्यवस्थापक मानन्धरका अनुसार प्राधिकरणको विज्ञ टोलीले उडानमा रहेका श्रीका सबै जहाजको प्राविधिक जाँच, इन्जिनियरिङ अपरेसन, सुरक्षा तथा कम्पनीको बित्तीय स्थिति र प्रशासनिक क्षमतासमेतको अध्ययन गरेको थियो।

शुक्रबारका लागि पूर्वनिर्धारित सबै १४ उडान स्थगित भएको र यसबाट करिब दुई हजार यात्रु मर्कामा परेको कम्पनीले जनाएको छ।

बिहीबार काठमाडौँबाट भैरहवा उडान भरेको जहाजको इन्जिनमा आगो लागेको सङ्केत देखिएपछि उक्त जहाजलाई पुनः त्रिभुनव अन्तर्राष्ट्रिय विमानस्थलमै फर्काएर सुरक्षित अवतरण गरिएको थियो। श्री एयरलाइन्सका साना-ठूला गरी आठ वटा जहाज छन्। तीमध्ये चार वटा मात्रै सञ्चालनमा छन्।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# 'अर्थतन्त्र पुनर्संरचना गर्न ढिलो नगरौं'

काठमाडौँ, २६ फागुन (रासस)।
मुलुकको अर्थतन्त्रलाई उद्धार गर्न तत्काल संरचनागत सुधारसहितको पहल आवश्यक रहेको जानकारले बताएका छन्। राष्ट्रिय आर्थिक सरोकार समाजले शुक्रबार काठमाडौँमा आयोजना गरेको 'दोस्रो राष्ट्रिय अर्थशास्त्री सम्मेलन, २०७९' कार्यक्रमका वक्ताले अहिलेको कार्यशैली र तौरतरिकाबाट समस्या समाधान हुन नसक्ने भएकाले अर्थतन्त्रको पुनःसंरचना आवश्यक रहेको धारणा राखेका हुन्।

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नागरिकस्तरमा अहिलेको जस्तो निराशा आफूले पहिले कहिल्यै नदेखेको बताउनुभयो। "अर्थतन्त्रका सूचक र तथ्यतथ्याङ्कले के भन्छन् भन्दा पनि अवस्थालाई समग्रतामा हेर्नै हो। अहिलेको अवस्थालाई नागरिकले कसरी हेरिरहेका छन् भन्नेकुरा मुख्य हो। अहिले नागरिक आत्तिएका छन्। यति धेरै मानिस एकैपटक यसरी आत्तिएको मैले पहिले देखेको थिइन।" कांग्रेस महामन्त्री थापाले भन्नुभयो।

अर्थतन्त्रमा अहिले देखिएका समस्या एकैपटक आएको नभइ लामो समयदेखि समाधान नभएका समस्या थपिँदै गएको पनि थापाको भनाइ छ। "हाम्रो अर्थतन्त्रमा हामीले लामो समयदेखि पन्छाउँदै आएका समस्या थुप्रिएका छन्। यी समस्या उत्पादनसँग जोडिएका छन्। युवा विदेश जाने र त्यहाँबाट पठाएको पैसाले वस्तु आयात गरेर उपभोग गर्ने समस्या रहेको छ।", उहाँले भन्नुभयो।

नेपालका राजनीतिज्ञमा अर्थतन्त्रबारे निकै कम ज्ञान हुने गरेको पनि थापाको भनाइ छ। "राजनीतिज्ञले अर्थतन्त्रका आयाम केलाउँदैन्। उनीहरुले जनतालाई गरेका वाचा हेर्छन्। राज्यको स्रोत एकातिर हुन्छ, राजनीतिज्ञहरुलाई जसरी पनि जनताका आकांक्षा पूरा हुनुपर्छ भन्ने छ। यसकारण राजनीतिज्ञलाई अर्थतन्त्रका बारेमा बुझाउन आवश्यक छ।", उहाँले भन्नुभयो। गृह प्रशासन निरीह हुँदा चोरी पैठारी मौलाएको पनि उहाँको भनाइ छ।

सोही कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का नेता विजय पौडेलले नेपालको आर्थिक स्थिति जटिल बिन्दुबाट गुज्रिरहेको बताउनुहुँदै आन्तरिक उत्पादन वृद्धिमा जोड दिइनुपर्ने बताउनुभयो। उत्पादन बढाउने विगत देखिका योजनाको लक्ष्य प्राप्त गर्न नसकेको पौडेलको भनाइ छ। "विगतदेखि उत्पादन बढाउने योजना प्रभावकारी हुन सकेनन्। सरकार र हाम्रा निकायले निर्धारण गरेका लक्ष्यप्रति उनीहरु जवाफदेही हुनुपर्छ।" पौडेलले भन्नुभयो। राजनीतिक दलले आफू सरकारमा हुँदा अर्थतन्त्र ठिक छ भन्ने र प्रतिपक्षले गम्भीर अवस्थामा छ भन्ने प्रवृत्ति कायम रहेको पनि उहाँले बताउनुभयो। त्यस्तै, अहिले उद्योगी व्यवसायीले निराशाको मात्रै कुरा गरिरहेको पनि पौडेलको भनाइ छ।

राष्ट्रिय योजना आयोगका सदस्य डा रामकुमार फुँयालले नेपालले आफ्नो सामर्थ्य पहिचान गरेर स्रोतसाधनको अधिकतम उपयोगमार्फत् उत्पादन बढाउनतर्फ ध्यान दिनुपर्ने बताउनुभयो। नेपालले तुलनात्मक लाभका वस्तुको पहिचान गरी त्यस्ता वस्तुको उत्पादन बढाउनुपर्ने उहाँको भनाइ छ। "उपलब्ध स्रोत साधनको परिचालनमार्फत् उत्पादन र उत्पादकत्व बढाउँदै लैजाने नीति लिइनुपर्छ। तुलनात्मक लाभका वस्तु उत्पादन गरी अन्तर्राष्ट्रिय बजारमा जान सक्नुपर्छ।" उहाँले भन्नुभयो। उत्पादन र उत्पादकत्व बढाउने गरी वित्तीय दक्षता कायम गर्न आवश्यक रहेको पनि उहाँले बताउनुभयो।

त्यस्तै, बजेट विनियोजनमा कुशलता र कार्यान्वयनमा दक्षताको विषयलाई गम्भीरतापूर्वक लिइनुपर्ने फुँयालको भनाइ छ। प्राथमिकताका क्षेत्र पहिचान गरेर चाडो नतिजा दिने आयोजनालाई बजेटको प्राथमिकतामा राख्नुपर्ने पनि उहाँले बताउनुभयो।

नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीले अहिले बिग्रँदो अवस्थामा रहेको अर्थतन्त्रका लागि सकारात्मक ढाडस आवश्यक रहेको बताउनुभयो। कोभिड-१९ महामारी, रुस-युक्रेन युद्ध, विश्व ऊर्जा सङ्कट तथा मूल्यवृद्धिलगायतका विश्वव्यापी समस्याको प्रभाव नेपालको अर्थतन्त्रमा पनि देखिएको बताउँदै गभर्नर अधिकारीले अहिले अर्थतन्त्रको बाह्य क्षेत्र बिस्तारै सुधार हुँदै गएको बताउनुभयो।

त्यस्तै, नेपालको अर्थतन्त्र सुधार्न संरचनागत सुधार आवश्यक रहेको पनि उहाँले बताउनुभयो। "हामीसँग प्रसस्त चुनौती छन्। हाम्रो संरचनागत सुधार आवश्यक छ। सँगसँगै सकारात्मक कुरा पनि जरुरी छ। हाम्रो शोधनान्तर स्थिति बचतमा छ। गतवर्षको तुलनामा बैङ्को निक्षेप-कर्जा अनुपात (सीडी रेसियो) घटेको छ। हाम्रोजस्तै अर्थतन्त्र भएका विश्वका अरु मुलुकभन्दा मूल्यवृद्धि कम छ।" गभर्नर अधिकारीले भन्नुभयो।

बैङ्क तथा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जाको सही उपयोग हुन नसकेको पनि गभर्नर अधिकारीले बताउनुभयो। "बैङ्कले पैसा दिने तर त्यसलाई सदुपयोग गर्न सकिएन भने प्रतिफल आउँदैन। अहिले उत्पादन क्षेत्र भन्दापनि अनुत्पादक क्षेत्रमा बढी लगानी भयो।" उहाँले भन्नुभयो। यद्यपि, राष्ट्र बैङ्कले उत्पादन क्षेत्रको कर्जा बढाउनका लागि क्षेत्रगत कर्जा विस्तारमा जोड दिएको गभर्नर अधिकारीले बताउनुभयो।

# एआइजीमा बढुवाका लागि सिफारिस

काठमाडौँ, २६ फागुन (रासस)।
गृह मन्त्रालयले नेपाल प्रहरीको जनपद समूहतर्फको पाँच जना प्रहरी नायव महानिरीक्षक (डिआइजी)लाई प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी)मा बढुवाका लागि सिफारिस गरेको छ।

शुक्रबार बसेको बढुवा सिफारिस समितिको बैठकले प्रहरी नियमावली २०७१ (संशोधनसहित)को नियम २७ को उपनियम (४)अनुसार पाँच डिआइजीलाई एआइजीमा बढुवाका लागि सिफारिस भएको प्रहरी महानिरीक्षकको सचिवालयका प्रहरी वरिष्ठ उपरीक्षक दीपेन्द्र जिसीले राससलाई जानकारी दिनुभयो।

यसरी सिफारिस भएकामा मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी बसन्तबहादुर कुँवर, लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी टेकप्रसाद राई, बागमती प्रदेश प्रहरी कार्यालका प्रमुख डिआइजी दीपक थापा, कोसी प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी श्यामलाल ज्ञवाली र प्रहरी प्रधान कार्यालय, आर्थिक प्रशासन तथा प्रबन्ध निर्देशनालयमा रहनुभएका डिआइजी किरण बज्राचार्य हुनुहुन्छ।

सिफारिसमाथि मन्त्रिपरिषद्ले निर्णय गरेपछि बढुवा हुने कानुनी व्यवस्था छ। सिफारिस समितिको संयोजकमा भने गृहसचिव हुने र त्यसको सदस्य सचिवमा प्रहरी महानिरीक्षक रहने व्यवस्था छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
राजविराज नगरपालिका, सप्तरी


# विश्व समाचार

## महासचिव सी तेस्रो कार्यकालका लागि राष्ट्रपति निर्वाचित

बेइजिङ, २६ फागुन (रासस/सिन्ह्वा)।
जनगणतन्त्र चीनको राष्ट्रपतिमा चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी) का महासचिव सी चिनफिङ निर्विरोध निर्वाचित हुनुभएको छ। यहाँ जारी राष्ट्रिय जनकङ्ग्रेसको १४ औं महाधिवेशनले उहाँलाई राष्ट्रपतिमा सर्वसम्मतिले चयन गरेको हो। महाधिवेशनले महासचिव सीलाई केन्द्रीय सैन्य आयोग (सिएमसी) को अध्यक्षमा समेत निर्विरोध निर्वाचित गरेको छ। राष्ट्रपतिमा पुनः निर्वाचित भएपछि उहाँले ग्रेट हल अफ द पिपलमा संविधानप्रति आफ्नो निष्ठा एवम् प्रतिबद्धता दोहोऱ्याउनुभयो।

त्यसैगरी, महाधिवेशनले हान झाङलाई उपराष्ट्रपतिमा निर्वाचित गरेको छ। यसैबीच अमेरिकी समाचार समिति एशोशिएटेड प्रेसले गम्भीर आर्थिक चुनौतीका साथै अमेरिका र अन्यसँग बढ्दो तनावका बीचमा तेस्रो पाँचवर्षे कार्यकालका निम्ति सी जनकङ्ग्रेसबाट अनुमोदित हुनुभएको टिप्पणी गरेको छ। उहाँले दुई हजार नौ सय ५२ मत प्राप्त गर्नुभएको तथा उहाँको विपक्षमा एक मत पनि नपरेको जनाइएको छ।

चिनियाँ नेताहरूले दशकमा एकपटक सत्ता हस्तान्तरण गर्ने परम्परालाई तोड्दै ६९ वर्षीय सी गत अक्टोबरमा तेस्रो पाँचवर्षे कार्यकालका निम्ति सिपिसीको महासचिव बन्नुभएको हो। संविधानमा दुईपटकभन्दा बढी अवधि राष्ट्रपति बन्न नपाइने व्यवस्थालाई संशोधन गरेर उहाँ सत्तासिन हुनुभएको हो। गोप्यरुपमा भएको निर्वाचनमा उम्मेदवारको सूची सार्वजनिक भएको थिएन। सबै पदमा निर्विरोध भएको घोषणा गरिएको थियो। यद्यपि ग्रेट हलको विशाल सभागारमा मतपेटिका राखिएका थिए।

## जर्मनीको एक चर्चमा भएको गोली प्रहारमा सातको मृत्यु, कैयौं घाइते

बर्लिन, २६ फागुन (रासस/सिन्ह्वा)।
जर्मनीको एक चर्चमा भएको गोलीकाण्डमा परेर कम्तीमा पनि सात जनाको ज्यान गएको छ। सो घटनामा अरु कैयौं घाइते भएका प्रहरीले जनाएको छ।

बिहीबार राति जर्मनीको ह्याम्बर्गमा रहेको एक चर्चमा गोली चलेको थियो। यहाँको स्थानीय समयानुसार राति ९ बजे यहाँको सो चर्चमा अकस्मात गोली चलेको थियो। यहाँका स्थानीय सञ्चारमाध्यमहरुले सुरुमा उक्त गोलीकाण्डमा परेर कम्तीमा पनि छ जनाको ज्यान गएको जनाएका थिए।

तर पनि अर्का एकजनाको पनि मृत्यु भएको भन्दै यहाँको पत्रिका बिल्डले उक्त गोलीकाण्डमा सात जनाको ज्यान गएको जनाएको हो।गोली हान्ने व्यक्तिको बारेमा पहिचान नभएको र प्रहरीले उसको खोजी गरिरहेको जनाएको छ।उक्त चर्च रहेको क्षेत्रमा ठूलो संख्याका सुरक्षाकर्मी परिचालन गरेर हत्यामा संलग्न व्यक्तिको खोजी थालिएको पनि प्रहरीले जनाएको छ।

## चार देशको बैठकको इरानद्वारा स्वागत

दमास्कस, २६ फागुन (रासस/सिन्ह्वा)।
इरानले आगामी दिनमा हुन लागेको सिरिया, टर्की, इरान र रुसको संयुक्त बैठकको स्वागत गरेको छ। हाल सिरियाको भ्रमणमा रहेका इरानी विदेशमन्त्री हुसैन अमिर-अब्दुल्लाहले यी चार देशका उपविदेशमन्त्रीहरुको सो संयुक्त बैठकको स्वागत गर्नुभएको हो।

यी चार देशका उपविदेशमन्त्रीहरुको बैठक आगामी हप्ता रुसको राजधानी मस्कोमा आयोजना गरिएको छ। सो बैठकमा खासगरी क्षेत्रीय सुरक्षा र विभिन्न अन्तर्राष्ट्रिय मुद्धाहरुमा छलफल हुने बताइएको छ।

रुस र युक्रेनका बीचमा जारी रहेको युद्ध र यसका कारण सो क्षेत्रमा उत्पन्न भएको परिस्थितिका बारेमा पनि सो बैठकमा कुराकानी हुने बताइएको छ। हाल सिरियाको भ्रमणमा रहेका इरानी विदेशमन्त्रीले सो बैठक मध्यपूर्वी क्षेत्रमा विकसित पछिल्लो परिस्थितका बारेमा पनि छलफल हुने भन्दै त्यसको स्वागत गर्नुभएको समाचारमा जनाइएको छ।

## विद्रोहीको आक्रमणमा चालीस भन्दा बढीको मृत्यु

बेनी, २६ फागुन (रासस/सिन्ह्वा)।
पूर्वी प्रजातान्त्रिक गणतन्त्र कङ्गो (डीआरसी) मा सहयोगी प्रजातान्त्रिक बल (एडीएफ) विद्रोहीहरूले रातभरि गरेको आक्रमणमा परी ४० भन्दा बढी व्यक्तिको मृत्यु भएको सेनाले बिहीबार जनाएको छ।

पूर्वी उत्तरी किभु प्रान्तको बेनी क्षेत्रमा अवस्थित मुकोन्डी गाउँमा आक्रमण गर्ने एडीएफ विद्रोहीहरूले बेनी क्षेत्रमा कङ्गोली सेनाका प्रवक्ता एन्थोनी मवालुशायीले पुष्टि गर्नुभएको छ। युगान्डा मा धेरै विपक्षी आन्दोलनहरुको कारण सन १९९० कैयौं व्यक्ति स्थापित भएका थिए।

# शान्ति सम्झौताविपरीतका गतिविधिको सामूहिक प्रतिवाद गर्ने माओवादी घटकको निर्णय

काठमाडौं, २६ फागुन (रासस) । विस्तृत शान्ति सम्झौता तथा विगतमा भएका सहमतिविपरीत राजनीतिक आन्दोलनलाई अपराधीकरण गर्न खोजिएको निष्कर्ष निकाल्दै माओवादी घटकले त्यसको सामूहिक प्रतिवाद गर्ने निर्णय गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार बसेको जनयुद्धकालीन माओवादीका शीर्ष नेता सम्मिलित बैठकले पछिल्ला दिनमा भइरहेका गतिविधिको सामूहिक प्रतिवाद गर्ने र साझा धारणा सार्वजनिक गर्ने निर्णय गरेका हुन् ।

शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायका सन्दर्भमा समान धारणाका साथ जनतामा जाने निर्णय गरेको नेकपा (माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङले जानकारी दिनुभयो ।

बैठकले फागुन २८ गते संयुक्त पत्रकार सम्मेलन गर्ने र फागुन ३० गते संयुक्त अन्तरक्रिया गर्नेसमेत निर्णय गरेको छ । पत्रकार सम्मेलन अघि संयुक्त अपील समेत जारी गरिनेछ । अन्तर्क्रियामा माओवादी घटकका शीर्ष नेताहरूले सम्बोधन गर्ने कार्यक्रम तय भएको छ ।

विस्तृत शान्ति सम्झौताको मर्म र भावनाअनुसार संक्रमणकालीन न्याय र शान्ति प्रक्रियाका बाँकी काम टुङ्गो लगाउनुपर्ने भन्दै राजनीतिक स्थिरता र स्थायी शान्तिको पक्षमा जनतामा जाने निर्णय पनि गरेको माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले जानकारी दिनुभयो ।

बैठकमा प्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष प्रचण्ड, नेकपाका महासचिव नेत्रविक्रम चन्द, नेकपा (क्रान्तिकारी-माओवादी) का नेता सिपी गजुरेल, नेपाल समाजवादी पार्टीका नेता हिसिला यमी, नेकपा (बहुमत) का नेता हेमन्तप्रकाश ओली, वैज्ञानिक समाजवादी पार्टीका अध्यक्ष आहुति, माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरा, महासचिव गुरुङ, उपमहासचिव शर्मा सचिव देवेन्द्र पौडेल, नेकपाका नेता खड्कबहादुर विक र नेकपा (माओवादी केन्द्र समाजवादी) का नेता कर्णजीत बुढाथोकीलगायत उपस्थित हुनुहुन्थ्यो ।

# प्रधानमन्त्रीलाई पक्राउ गर्ने आदेश दिनु नपर्ने निर्णय




**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।** सर्वोच्च अदालतले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई पक्राउ गर्ने आदेश दिनु नपर्ने निर्णय गरेको छ ।

न्यायाधीश ईश्वर खतिवडाको इजलासले रिट निवेदकले माग गरे अनुसारको आदेश तत्काल दिन नपर्ने आदेश गरेको हो ।

'निवेदनमा मूलतः संक्रमणकालिन न्याय सम्पादनका सन्दर्भमा विचारणीय हुन आउने नेपालको संविधान र प्रचलित कानूनमा रहेका प्रावधान, यस अदालतबाट पटक पटक संक्रमणकालिन न्यायको विषय समावेश भएका विवादमा गरिएको व्याख्या र प्रतिपादित सिद्धान्त तथा अन्तर्राष्ट्रिय अभ्यास समेतका सन्दर्भमा हेरिनुपर्ने तथा व्याख्या र विश्लेषण गरिनुपर्ने सम्बन्धी प्रश्नहरू उठाइएको देखियो', आदेशमा भनिएको छ, 'यस प्रकारका कानूनी प्रश्नहरूको निरूपण पूर्ण सुनुवाइको अवस्थामा नै गर्नु मनासिब देखिन्छ । अहिले माग बमोजिम अन्तरिम आदेश जारी हुनेसम्मको पर्याप्त कारण नदेखिएको हुँदा निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी गर्न परेन ।'

दाहाल लगायतका विपक्षीहरूलाई भने रिट निवेदकको माग अनुसारकोआदेश जारी गर्न किन नपर्ने हो भन्ने लिखित जवाफ मागेको छ ।

यो रिटमा सर्वोच्चले अग्राधिकार दिएको छ । अग्राधिकार दिएका मुद्दामा सुनुवाई गर्न पेशी तोक्दा सूचीको पहिलो नम्बरमा राख्नुपर्ने हुन्छ ।

# 'बुस्टर डोज' लगाउन मन्त्रालयको आग्रह

काठमाडौं, २६ फागुन (रासस) । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरसविरुद्धको अतिरिक्त मात्रा (बुस्टर डोज) लगाउन आग्रह गरेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले कोभिड-१९ को जोखिम रहेकाले बुस्टर डोज लगाउन आग्रह गरिएको बताउनुभयो । उहाँका अनुसार कोभिड-१९ विरुद्धको पूर्ण मात्रा लगाएका तीन महिना पूरा भएका र पहिले बुस्टर मात्रा खोप लगाउन छुटेकालाई बुस्टर मात्रा लगाउन भनिएको छ ।

पचपन्न वर्षभन्दा माथिका उमेर समूह, स्वास्थ्यकर्मी, गर्भवती, १२ वर्षभन्दा माथिका (दीर्घरोगी, रोग प्रतिरोधात्मक क्षमता कम भएका)लाई पहिलो मात्रा बुस्टर खोप र यसअघि पहिलो बुस्टर मात्रा खोप लगाएको छ महिना पूरा भएकालाई पनि खोप लगाउन भनिएको छ । यस्तै कोभिड-१९ को सङ्क्रमण भएकाले पनि सङ्क्रमण भएको एक महिनापछि बुस्टर डोज लगाउन सक्ने जनाइएको छ ।

यसअघि स्वास्थ्य कार्यालय काठमाडौँको समन्वयमा शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, नेपाल प्रहरी अस्पताल, निजामती कर्मचारी अस्पताल, वीरेन्द्र अस्पताल, सशस्त्र प्रहरी बल अस्पतालबाट बुस्टर डोजको खोप लगाइरहेको छ । जर्मन सरकारले उपलब्ध गराएको बुस्टर डोजका लागि मात्र प्रयोग हुने 'बाइभ्यालेन्ट' खोप करिब १५ लाख मात्रा खोप नेपाल आएको छ । मन्त्रालयले नजिकैको स्वास्थ्य संस्थामा बुस्टर डोजको खोप लगाउन जान आग्रह गरेको छ ।

# जनमतबाट उपराष्ट्रपतिको उम्मेदवार ममता झा

**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।** जनमत पार्टीले सप्तरीकी ममता झालाई उपराष्ट्रपति उपराष्ट्रपति उठाउने निर्णय गरेको छ । जनमत पार्टीले उपराष्ट्रपति आफूले पाउनु पर्ने दाबी गर्दै झाको नाम अघि सारेको हो ।

सदभावना पार्टीबाट राजनीति सुरु गरेकी झा जनमत पार्टीकी सप्तरी जिल्ला इन्जार्ज हुन् । उनले स्थानीय तह चुनावमा राजविराज नगरपालिकाको मेयरमा समेत उम्मेदवारी



दिएकी थिइन् ।

उपराष्ट्रपतिमा जनता समाजवादी पार्टी जसपा नेपालले पनि दाबी गर्दै आएको छ । उसले बारा २ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित रामसहायप्रसाद यादवलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

यस्तै, नागरिक उन्मुक्ति पार्टीले पनि उपराष्ट्रपति आफूले पाउनु पर्ने भन्दै उमेर नै नपुगेकी रञ्जिता श्रेष्ठलाई उम्मेदवार बनाउने निर्णय गरेको थियो ।

यता सप्तरीका स्थानीयहरूले राष्ट्रपतिमा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल विजय भइसकेकोले उपराष्ट्रपति जुनसुकै पार्टीको महिला भएपनि महिलानै हुनुपर्ने दाबी गर्दै आएका छन् ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



**तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?**
- ➢ बालविवाह
- ➢ अनिच्छित विवाह
- ➢ बहुविवाह
- ➢ दाइजो विवाह
- ➢ दवाव विवाह

विचार गर्नुस्,
के तपाईं अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन्।
नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
City Express
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*